**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 17.08.2025**

**यो आकाशवाणी गान्तोक हो।**

**समाचार अबिगेल राईबाट सुन्नुहोस्।**

SHG -Lakhpati Didi Scheme- Gratitude – Desk

पश्चिम सिक्किमको बर्मियोक बर्थाङ महासंघ, स्वयं सहायता समूहका सदस्यहरूले लखपति दिदी योजना अन्तर्गत सिक्किमबाट प्रतिनिधिको रूपमा मनोनित गरेकोमा सिक्किम सरकारको राज्य ग्रामीण जीविकोपार्जन मिसन (SRLM), र भारत सरकारको ग्रामीण विकास मन्त्रालय (MoRD) लाई कृतज्ञता व्यक्त गरेका छन्। मनोनयनको एक भागको रूपमा, स्वयं सहायता समूहका सदस्यहरूलाई नयाँ दिल्लीमा स्वतन्त्रता दिवस समारोह हेर्न विशेष अतिथिको रूपमा आमन्त्रित गरिएको थियो। यो मान्यताले राज्यमा स्वयं सहायता समूहहरूको सामाजिक-आर्थिक उत्थानप्रतिको आफ्नो प्रतिबद्धतालाई अझ सशक्त बनाउन प्रेरणाको स्रोतको रूपमा काम गरेको छ। नयाँ दिल्लीको कृषि अनुसन्धान केन्द्र, पुसामा आयोजित एक कार्यक्रममा, स्वयं सहायता समूहका सदस्यहरूले भारत सरकारका केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानलाई भेटेर संवाद गर्ने मौका पाएका थिए। राज्य ग्रामीण जीविकोपार्जन मिसन, पश्चिम सिक्किमद्वारा जारी विज्ञप्तिमा स्वयं सहायता समूहका सदस्यहरूले ही मार्तम खण्डका कर्मचारीहरू र राज्य संयोजक, योसाधा सुजी, ही मार्तम खण्ड, पश्चिम सिक्किमलाई निरन्तर मार्गदर्शन र समर्थनको लागि हार्दिक आभार व्यक्त गरेको छ।

2. Bhasha Manyata – Gyalsing – Madhu Sharma

आगामी ३४ औं नेपाली भाषा मान्यता दिवसलाई लक्षित गरी भारतीय नेपाली साहित्य एवम् सांस्कृतिक अनुसन्धान केन्द्र क्योङसामा आज अन्तर विधालय तर्क प्रतियोगिता साथै खुल्ला साहित्यक प्रतियोगिता सम्पन्न भयो। यस कार्यक्रमका मुख्य अतिथि सरकारी ठिकादार तथा समाज सेवी भीम नारायण तिवारी रहनुभएको थियो। कार्यक्रममा जिल्ला ग्राम पञ्चायत, विभिन्न विभागीय अधिकारी, विद्यालयका शिक्षक शिक्षिका, पश्चिम सिक्किम साहित्य प्रकाशनका अध्यक्ष, सदस्य गण लगायत स्थानीय भाषा प्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो। चौतीसौं नेपाली भाषा मान्यता दिवस समारोह समिति साथै पश्चिम सिक्किम साहित्य प्रकाशनको संयुक्त आयोजनामा सम्पन्न भइरहेको यस प्रतियोगिताको पहिलो चरण गत १० अगस्तका दिन सम्पन्न भएको थियो भने आज दोस्रो चरणको कार्यक्रम सम्पन्न भएको हो। आगामी २० अगस्तका दिन गेजिङ सामुदायिक भवनमा नेपाली भाषालाई भारतीय संविधानमा मान्यता दिलाउने पूर्व सांसद दिल कुमारी भण्डारीको उपस्थितिमा भव्य रूपमा नेपाली भाषा मान्यता दिवस पालन गरिने छ। उक्त दिन साहित्य सम्बन्धित विभिन्न पुरस्कारहरू पनि प्रदान गरिने जनाइएको छ।

ESIC- Awareness Camp - Desk

कर्मचारी राज्य बीमा निगम (ESIC), गान्तोकले कर्मचारी भविष्य निधि संगठन (EPFO), विशेष राज्य कार्यालय, गान्तोकसँगको सहकार्यमा २७ अगस्ट २०२५ मा संयुक्त जागरूकता र गुनासो निवारण शिविर - "सुविधा समागम" - आयोजना गर्ने भएको छ। सिक्किममा पहिलो पटक, कर्मचारी राज्य बीमा निगम (ESIC) र कर्मचारी भविष्य निधि संगठन (EPFO) **निधि आपके निकत-**को ब्यानरमा गुनासो निवारण गर्न र साझा प्लेटफर्ममा जागरूकता सेवाहरू प्रदान गर्न एकसाथ आइरहेका छन्। रोजगारदाता, कर्मचारी, बीमित व्यक्ति र आम जनतालाई यस पहलमा भाग लिई लाभ उठाउन आह्वान गरिएको छ।

Dharmendra-IIT-NSD

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज आई.आई.टी दिल्लीका स्नातक तथा स्नातकोत्तर विद्यार्थीहरू र अनुसन्धानकर्ताहरूसँग अन्तरक्रिया गर्नुभयो। अन्तरक्रियाका क्रममा श्री प्रधानले विद्यार्थीहरूलाई आफ्ना नवीन विचारहरू अगाडि ल्याउन, चुनौतीहरू निवारण गर्न र हरेक क्षेत्रमा आत्मनिर्भर नबनेसम्म प्रयास गरिरहन प्रोत्साहित गर्नुभयो। पत्रकारहरूसँग कुरा गर्दै, उहाँले विद्यार्थीहरूलाई भेटेपछि भारत सन् २०४७ सम्ममा विकसित राष्ट्र हुनेछ भनेर आफूले ठोकुवा गर्न सक्ने बताउनुभयो। उहाँले आगामी बीसदेखि पच्चीस वर्षमा हाम्रा युवाहरूको काँधमा सुनौलो भविष्य निर्माण भएको देख्न सकिन्छ भन्नुभयो।

5. Astronaut Shukla – Return - NSD

भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला आज बिहानै नयाँ दिल्ली आइपुग्नुभयो। श्री शुक्ला गत जुलाई १५ मा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट फर्कनुभएको थियो। उहाँ अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको भ्रमण गर्ने पहिलो भारतीय हुनुहुन्छ। श्री शुभांशुले नासाको एक्सिओम-४ मिसनको नेतृत्व गर्नुभएको थियो। यो जून २५ मा फ्लोरिडाको केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको थियो। श्री शुभांशु भारतको पहिलो अन्तरिक्ष यान मिसन, गगनयानको लागि छनोट हुने अन्तरिक्ष यात्रीहरू मध्ये एक हुनुहुन्छ। यो अर्को वर्षको अन्त्यसम्ममा प्रक्षेपण हुने सम्भावना छ।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।